गौरीगङ्गा नगरपालिकाका नगर प्रमुख श्री देवी दत्त कडेल ज्यूको अध्यक्षतामा मिति २०८३/०५/१८ गते अपरान्ह ३:०० बजे नगर कार्यपालिकाको १३ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहायबमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री देवी दत्त कडेल | नगर प्रमुख | |
| २ | श्री भोज बहादुर बम | नगर उप-प्रमुख | |
| ३ | श्री डबल बहादुर दियाकोटी बोहरा | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री जनक बहादुर साउँद | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मनिराज जोशी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विष्णु प्रसाद भाट | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री टेक वहादुर कुँवर | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री आशा राम डगौरा थारु | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री करुणा चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राज कुमार थारु | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री नर सिँ सार्की | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री साहेवलाल चौधरी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री रुपा देवी जैशी | नगर कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री मदन नेपाली | नगर कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री इन्द्रकली देवी विश्वकर्मा | नगर कार्यपालिका सदस्य वडा नं. ४ | |
| १७ | श्री विशाल खवास | नगर कार्यपालिका सदस्य वडा नं. ६ | |
| १८ | श्री उर्मिला बम | नगर कार्यपालिका सदस्य वडा नं. ७ | |
| १९ | श्री लक्ष्मी देवी बि.क. | नगर कार्यपालिका सदस्य वडा नं. १० | |
| २० | श्री हरिना देवी खाती | नगर कार्यपालिका सदस्य वडा नं. ११ | |
| २१ | श्री भक्तराज जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्तावहरु:

१. बाढी पीडितप्रति श्रद्धाञ्जली तथा समवेदना व्यक्त गर्ने सम्बन्धमा ।
२. सामाजिक/सांस्कृतिक पर्व स्थगन तथा बाढी पीडितलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
३. राजमार्गका मुख्य स्थानहरुमा CCTV जडान गर्ने सम्बन्धमा ।
४. चौमाला खानेपानी आयोजनामा पाइपलाइन विस्तार सम्बन्धमा ।
५. प्रारम्भिक बालविकास सहजकर्ता तथा सामुदायिक विद्यालय कर्मचारीलाई मासिक प्रोत्साहन अनुदान थप गर्ने सम्बन्धमा ।
६. भूमिको तथ्याङ्क प्रविष्टि (NALCIS डाटा इन्ट्री) सम्बन्धमा ।
७. नगरपालिका स्तरीय औषधि आपूर्ति श्रृंखला व्यवस्थापन कार्य समूह (पा.आ.व्य.का.स.) को कार्यविवरण अनुमोदन सम्बन्धमा ।
८. स्वास्थ्य शाखा तर्फको अत्यावश्यक औषधि तथा सामग्री तत्काल खरिद सम्बन्धमा ।
९. मसुरिया स्वास्थ्य चौकीको बाँकी विजुली तथा इन्टरनेट विल भुक्तानी सम्बन्धमा ।
१०. डम्पिङ साइटको स्थान यकिन गर्ने सम्बन्धमा ।
११. मलेप प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमाथि छलफल सम्बन्धमा ।
१२. विद्युतीय खरिद प्रणाली (e-GP) सम्बन्धी बोलपत्र/दरभाउपत्र प्रक्रिया स्थगन सम्बन्धमा ।
१३. स्थानीय विपद् तथा जलवायु उत्थानशीलता ढाँचा (LDCRF) तयारीका लागि परामर्श सेवा खरिद सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

**निर्णय नं. १**

रसुवा जिल्लास्थित भोटेकोशी नदीमा २०८३ भाद्र १० गते आएको बाढी तथा पहिरोका कारण भएको ठूलो जनधनको क्षतिले हामी सबैलाई अत्यन्त दुःखी र मर्माहत बनाएको छ। यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्ने, घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता व्यक्तिहरूको शीघ्र र सकुशल उद्धारको कामना गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढी तथा पहिरोबाट उत्पन्न विपद्को संवेदनशीलतालाई मध्यनजर गर्दै विगतमा मनाउँदै आएका तीज, आइतबारी, गौरा लगायतका सामाजिक तथा सांस्कृतिक पर्वहरू यस वर्ष नगरपालिका र वडा कार्यालयहरुबाट बजेट खर्च नगर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरुले पदीय हैसियतमा त्यस्ता कार्यक्रममा सहभागिता वा उपस्थिति नजनाउने निर्णय गरियो। उक्त विपद्मा परेका नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले मानवीय सहयोग तथा विपद् पीडितप्रति ऐक्यबद्धता जनाउँदै तपसिल बमोजिमको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

तपसिल:

देवी दत्त कंडेल
नगर प्रमुख

- नगर विपद् व्यवस्थापन कोषबाट रु.२,६५,५५५।-
- नगर प्रमुखको स्वघोषणा अनुसार एक महिना बराबरको सेवासुविधा,
- नगर उप-प्रमुखको स्वघोषणा अनुसार १५ दिन बराबरको सेवासुविधा,
- वडाध्यक्षहरुको १० दिन बराबरको सेवासुविधा,
- नगर कार्यपालिका सदस्यहरुको ७ दिन बराबरको सेवासुविधा,
- वडा सदस्यहरुको ५ दिन बराबरको सेवासुविधा,
- अधिकृतस्तरका कर्मचारी तथा माध्यमिक तहका शिक्षकहरुको ७ दिन बराबरको तलब,
- सहायकस्तरका कर्मचारी तथा आधारभूत तहका शिक्षकहरुको ५ दिन बराबरको तलब,
- बालविकास सहजकर्ता तथा श्रेणीविहीन कर्मचारीहरुको २ दिन बराबरको तलब

गरी जम्मा ३८,००,४३८।- (अक्षरुपी अठतिस लाख चार सय अठतिस मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षा प्रवर्द्धनका लागि सम्बन्धित वडा कार्यालय तथा ट्राफिक प्रहरीसँगको समन्वयमा महेन्द्र राजमार्ग अन्तरगतको यस नगरपालिका क्षेत्रभित्रका वनवेहडा, झिलचौराहा, चौमाला, मंगलपुर, राजीपुर, हसुलिया जाने चोक जस्ता मुख्य स्थानमा CCTV क्यामेरा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चौमाला खानेपानी आयोजनासँगको साझेदारीमा पाइपलाइन विस्तार गर्नका लागि यस नगरपालिकाको खानेपानी विस्तार कार्यक्रम शिर्षकबाट रु १,५०,०००/- (अक्षेरुपी: एक लाख पचाँस हजार मात्र) छुटयाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा संघीय सशर्त अनुदानबाट पारिश्रमिक पाउने गरी कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुले हाल खाइपाइ आएको तलबमा देहाय बमोजिमको रकम थप गरी आ.व. २०८३।०८४ मा मासिक प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय गरियो।

देहाय:

१. प्रारम्भिक बालविकास शिक्षक मासिक रु.२,०००/-
२. विद्यालय सहायक कर्मचारी (लेखापाल) मासिक रु.३,५००/-
३. विद्यालय सहयोगी मासिक रु.२,०००/-

**निर्णय नं. ६**

यस नगरपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुबाट संकलन गरिएका निवेदन फारामहरु राष्ट्रिय भूमि आयोगको National Land Claims Information System (NALCIS) प्रणालीमा प्रविष्टि गर्नुपर्ने भएकोमा भूमि व्यवस्था शाखामा कर्मचारीको अभाव रहेको हुँदा उक्त डाटा प्रविष्टी कार्य अन्य कर्मचारीहरु समेतबाट गराई सो वापत भूमि व्यवस्था शाखाको नापजाँच तथा

देवी दत्त कंडेल
नगर प्रमुख

अभिलेख व्यवस्थापन शिर्षकबाट प्रति फाराम रु.३०/- (तीस रुपैयाँ) का दरले भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ७**

स्वास्थ्य शाखा तर्फको नियमित औषधि आपूर्ति व्यवस्थापन तथा वितरण सम्वन्धी व्यवस्थापकीय कार्यहरुलाई सहज बनाउन तयार गरीएको नगरपालिका स्तरीय आपूर्ति श्रृखला व्यवस्थापन कार्य समूह (पा.आ.व्य.का.स.) कार्यबिबरण २०८३ लाई अनुमोदन गर्ने निर्णय गरीयो।

**निर्णय नं. ८**

यस नगरपालिकाबाट निशुल्क वितरणका लागि आवश्यक पर्ने औषधी खरिदका लागि २०८३।०५।०३ मा विद्युतीय बोलपत्र मार्फत प्रक्रिया अगाडि बढाईएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०८३।०५।११ मा विद्युतीय खरिद प्रणालीमा सुरक्षा जोखिम भएको, प्रणाली मर्मतसम्भार भईरहेको हुदाँ अर्को सूचना जारी नभए सम्म विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गरिएको हुदाँ समयमै औषधी आपूर्ति हुन नसक्ने देखिएको, हाल समुदायस्तरमा सरुवा रोगहरुको बढ्दो प्रकोप तथा स्वास्थ्य संस्थाहरुमा नियमित आपूर्ति हुनु पर्ने औषधीको अभाव रहेकोले अत्यावश्यक रहेका औषधी खरिद गरी वितरण गर्नुपर्ने आवश्यकता रहेको हुदाँ सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था बमोजिम दरभाउपत्र मार्फत खरिद गर्न सकिने बजेटको सिमा भित्र रहेने गरी तत्काल खरिद कार्य अगाडी बढाउने निर्णय गरीयो।

**निर्णय नं. ९**

गत आ.व. २०८२/०८३ मा मसुरिया स्वास्थ्य चौकीको भुक्तानी गर्न बाकी बिजुली तथा ईन्टरनेटको बिल रकम रु.२,०४,५२२।– (अक्षेरुपीः दुई लाख चार हजार पाँच बाइस मात्र) नगरपालिकाको विविध शिर्षकबाट भुक्तनी दिने निर्णय गरीयो।

**निर्णय नं. १०**

यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न गौरीगङ्गा नगरपालिका वडा नं. १ अन्तरगत दोमुहानी आर्यघाट माथि गौशाला नजिकको खाली जमिनमा डम्पिङ साइट निर्माण गर्न आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ११**

महालेखा परीक्षकको कार्यालयले यस नगरपालिकाको आ.व. २०८१/०८२ को लेखा परीक्षण गरी दिएको प्रतिवेदन र आ.व. २०८२/०८३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदनमाथि यस बैठकमा विस्तृत छलफल गरी औंल्याइएका सुझाव तथा बेरुजु फछ्र्यौटका लागि सम्बन्धित शाखा र वडा कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८३।०८४ का लागि विद्युतिय खरिद प्रणाली (e-GP) मार्फत विभिन्न मितिमा आहान गरिएका बोलपत्र तथा दरभाउपत्रसम्बन्धी खरिद प्रक्रियामा विद्युतीय खरिद प्रणालीमा देखिएको प्राविधिक समस्याका कारण हालसम्म सम्पन्न नभएका सम्बन्धित सम्पूर्ण खरिद प्रक्रियाहरू अर्को सूचना नभएसम्म स्थगित गर्ने तथा प्रणालीगत समस्या समाधान नभएसम्म प्रचलित सार्वजनिक खरिद कानून

**देवी दत्त कँडेल**
**नगर प्रमुख**

तथा सम्बन्धित निकायबाट जारी निर्देशनबमोजिम वैकल्पिक खरिद प्रक्रिया अपनाई आवश्यक खरिद कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १३**

गौरीगङ्गा नगरपालिकाको स्थानीय विपद् जोखिम तथा जलवायुजन्य जोखिमको पहिचान, विश्लेषण तथा न्यूनीकरण गर्दै नगरपालिकाको विकास प्रक्रियालाई विपद् तथा जलवायु उत्थानशील बनाउन स्थानीय विपद् तथा जलवायु उत्थानशीलता ढाँचा (Local Disaster and Climate Resilience Framework–LDCRF) तयार गर्न आवश्यक देखिएको हुँदा उक्त कार्य गर्न परामर्श सेवा खरिदका लागि आवश्यक Request for Proposal (RFP) तथा Terms of Reference (TOR) उपर छलफलपश्चात् प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा नगरपालिकाको स्वीकृत बजेट र कार्यक्रमको अधीनमा रही LDCRF तयारीका लागि तयार गरिएको RFP र TOR लाई स्वीकृत गर्ने र स्वीकृत RFP/TOR बमोजिम योग्य तथा इच्छुक परामर्शदाता/परामर्शदाता संस्था छनोटका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १४**

नदीजन्य पदार्थ संकलन तथा बिक्रीको ठेक्का लिएका निर्माण व्यवसायीहरूले VAT सहितको रकम एकमुष्ट रूपमा यस नगरपालिकाको राजस्व खातामा दाखिला गरेकोमा VAT रकम सम्वन्धित समयमा आन्तरिक राजस्व कार्यालयमा दाखिला हुन नसकी निर्माण व्यवसायीलाई कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न कठिनाइ भइरहेको हुँदा, प्रचलित कानून तथा लेखा प्रणालीबमोजिम VAT बापतको यकिन रकम हाललाई आवश्यक रकमान्तर गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्ने र सोसम्वन्धी बजेट व्यवस्थापन तथा खर्चलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो।

**निर्णय नं. १५**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १४४(ख) तथा उपनियम (३) बमोजिम सामुदायिक विद्यालयमा कार्यरत वा थपिने विद्यालय कर्मचारी (लेखापाल/कार्यालय सहयोगी) को नियुक्ति प्रक्रिया व्यवस्थित गर्न विद्यालयस्तरमा तयार गरी सम्बन्धित स्थानीय तहबाट स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा, गौरीगङ्गा नगरपालिका अन्तर्गतको श्री जनजागृत माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट पारित भई स्वीकृतिका लागि पेश भएको "विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८३" लाई पदपूर्ति तथा छनोट प्रक्रियामा पारदर्शिता, निष्पक्षता र एकरूपता कायम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा नगर उप-प्रमुखज्यू कार्यालयको कामकाजको सिलसिलामा काठमाडौं जानुभई सोही कामकाजको सिलसिलामा त्यहाँ १९ दिन बस्नुपरेकोले सो अवधिभरको दैनिक भ्रमण भत्ता प्रचलित नियमानुसार स्वीकृत गर्ने निर्णय गरियो।

देवी दत्त कँडेल
नगर प्रमुख